२०८१ भदौ ११ कार्यपालिका बैठक कक्ष

बैठक संख्या: २ /२०८१/०८२

आज मिति २०८१ भदौ ११ गते मंगलबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिलः*

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री रेवत बहादुर बुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थितिः*

श्री अरुण कुमार ओली — प्रशासन शाखा प्रमुख

श्री ठकेन्द्र खत्री — आर्थिक प्रशासन शाखा प्रमुख

श्री सुरेन्द्र प्रसाद यादव — स्वास्थ्य शाखा प्रमुख

श्री ~~[illegible]~~ कर्ण बहादुर कैंची — इन्जिनियर (पुर्वाधार विकास शाखा)

सिस्ने गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल, २०७३

Scanned with CamScanner

२०८१ भदौ ११ कार्यपालिका बैठक कक्ष

बैठक संख्याः २ /२०८१/०८२

प्रस्तावहरुः

१. गत कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको समिक्षा ।

२. सामुदायिक स्वास्थ्य इकाई सञ्चालनका लागि स्वीकृत गर्ने ।

३. विपद् व्यवस्थापन कोषबाट पेश्की रकम निकाशा गराई खर्च गर्ने ।

४. नगर प्रहरीलाई तालिमको लागि नेपालगञ्ज तालिम केन्द्रमा पठाउने ।

५. पूर्वाधार एम्बुलेन्स सञ्चालनको दर कायम गर्ने ।

६. प्रमुख प्रशासकीय अधिकृतको अमेरिकाको भ्रमण स्वीकृत गर्ने ।

७. विविध ।

निर्णय नं. १,

गत कार्यपालिकाको बैठकका निर्णयहरु प्राय सबै कार्यान्वयन भएको पाइयो । सिस्ने गाउँपालिकाको सिस्ने एप नविकरणको लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको छ ।

निर्णय नं. २,

मिति २०८१ साउन २८ गते स्वास्थ्य तथा सरसफाई शाखाले तयार गरी स्वीकृत गराएको टिप्पनी आदेश अनुसार सिस्ने गाउँपालिकाको वडा नं २ को खरीबोटमा खरीबोट सामुदायिक स्वास्थ्य इकाई र वडा नं ८ को स्यालापाखा मा स्यालापाखा सामुदायिक स्वास्थ्य इकाईको अति आवश्यक भएकाले उक्त दुइवटा सामुदायिक स्वास्थ्य इकाई थप गरी सञ्चालन गर्ने ।

निर्णय नं. ३,

सिस्ने गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट विपद् फोकल व्यक्ति श्री करण खड्काका नाममा पेश्की रकम रु.४०००००।- अक्षरेपी चार लाख रुपैया मात्र निकाशा गरी तत्काल आइपर्ने विपद व्यवस्थापनमा खर्च गर्ने ।

निर्णय नं. ४,

सिस्ने गाउँपालिकाका नगर प्रहरी चार जनालाई नेपाल सरकारको नर्म्स अनुसार ४५ दिने नगर प्रहरी तालिमको लागि नेपाल प्रहरी तालिम केन्द्र नेपालगञ्ज पठाउने र तालिममा लाग्ने सम्पूर्ण खर्च पालिकाले बहन गर्ने ।

निर्णय नं. ५,

पूर्वाधार एम्बुलेन्स सञ्चालन अन्तर्गत बर्षातको समयमा आउँन सक्ने विपदजन्य प्रकोप व्यवस्थापनका लागि भारी मेसिन/उपकरण (लोडर, डोजर, एस्काभेटर लगायत) प्रयोग गरी सडक लगायत अन्य पूर्वाधारको मर्मत गरी आपतकालिन समयमा पुनः सुचारु गर्नु पर्ने आवश्यकता रहेको साथै सो कामका लागि आ.व. २०८१/८२ को रुकुम (पूर्वी भाग) जिल्लाको दररेटमा निर्धारण नभएका तपसिल बमोजिमका भारी मेसिन/उपकरणको भाडादर छिमेकी

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner

जिल्लाहरुबाट आ.व. २०८१/८२ का लागि स्वीकृत जिल्ला दररेटलाई आधारमानि उक्त दररेटलाई यस सिस्ने गाउँपालिकाको हकमा लागुहुने गरी स्वीकृत गरी सो बमोजिम भएको कामको भुक्तानीका लागि सम्बन्धित वडाका वडा अध्यक्ष/जनप्रतिनीधि र प्राविधिक कर्मचारीको भुक्तानी सिफारिसको आधारमा भुक्तानी गर्ने व्यवस्था मिलाउँने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | उपकरणको विवरण | इकाई | स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | ब्याकहो व्हील लोडर | प्रति घण्टा | 3000 | ढुवानी बाहेक |
| २ | एस्काभेटर (१३०/१४० एचपि सम्म) | प्रति घण्टा | 4400 | |
| ३ | एस्काभेटर (१३०/१४० एचपि सम्म) ब्रेकर समेत | प्रति घण्टा | 5100 | |
| ४ | एस्काभेटर (२०५/२२० एचपि सम्म) | प्रति घण्टा | 5500 | |
| ५ | एस्काभेटर (२०५/२२० एचपि सम्म) ब्रेकर समेत | प्रति घण्टा | 6500 | |

निर्णय नं. ६,

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १३, मिति २०८१ साउन ७ (July 22,2024) को सिफारिस अनुसार यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत रेवत बहादुर बुढाथोकी सेप्टेम्बर ९ देखि १३, २०२४ मा संयुक्त राज्य अमेरिका को जर्जिया राज्यको एटलान्टा शहरमा सञ्चालन हुने सार्वजनिक वित्तीय व्यवस्थाप तालिम कार्यक्रममा छनौट भएकाले उक्त कार्यक्रमले तोकेको अवधिभरको अन्य सम्बन्धित निकायले स्वीकृत गरेबमोजिमको यस पालिकालाई आर्थिक भार नपर्ने गरी अन्तर्राष्ट्रिय भ्रमण आदेश स्वीकृत गर्ने ।

निर्णय नं. ७,

साउन मिहिनाको दोस्रो हप्ताको पहिरोले देउखोला देखि नायगाड बाटोको भालुखाप्चे स्थानमा आवा गमन पूर्ण रुपमा बन्द भएकाले पैदल यात्रामा अति कठीनाई भएकोले उक्त बाटो पुथा उत्तर गंगा गाउँपालिकाको वडा नं १४ को भूगोल भएपनि सिस्ने गाउँपालिकाको वडा नं २ र १ को जनताको लागि आवा गमनको एक मात्र विकल्प भएकाले पुथा उत्तर गंगा गाउँपालिकासँग समन्वय गरी उक्त बाटो निर्माण उपभोक्ता समिति मार्फत निर्माण गर्ने र लागत अनुमान बमोजिमको रकम विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने ।

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

Scanned with CamScanner

२०८१ भाद्र ११ कार्यपालिका बैठक

बैठक संख्या २ / २०८१/२०८२

## निर्णय नं ८

हाम्रो यस सिस्ने गाउँपालिका भित्र निर्माणाधिन सरकारी भौतिक संरचनाको काम रोक्ने भन्ने सम्मानित सर्वोच्च अदालतको मुद्दा नं 81-wo-0093 मा सरोकारवाला कायम हुन प्रतिनिधिको रुपमा गाउँपालिका उपाध्यक्ष गोपाल रेउलेलाई पठाउने निर्णय यस कार्यपालिका बैठकबाट पारित गरियो ।

निर्णय प्रमाणित
मिति २०८१।५।११

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३